# सघन बाली विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# सघन वाली विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

)प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत(

पृष्ठभूमि:

प्रदेश नं. १ खाद्यान्न उत्पादनका हिसावले सवैभन्दा वढी क्षेत्रफल र उत्पादन हुने प्रदेशमा पर्दछ । यद्यपि विगतका दशकहरुमा कृषि विकासका अधिकांश प्रयासहरु तरकारी, फलफुल, पशुपंक्षीजन्य वस्तुको उत्पादन र ती वस्तुहरुको मूल्य श्रृखंला विकास तथा व्यवसायिकरणमा केन्द्रित भएकोले दैनिक रुपमा उपभोग गर्ने मुख्य खाद्यान्न वालीहरु धान, मकै, गँहु, कोदो आदिको उत्पादन र उत्पादकत्व बृद्धि लक्षित कार्यक्रमहरु संचालनमा आउन सकेनन। जनसंख्या बृद्धिको तुलनामा खाद्यान्न उत्पादन बढन सकेन फलस्वरुप देशले अरवौको खाद्यान्न आयात गर्नु परिरहेको यथार्थ हामीसामु छर्लङ्ग छ । आर्थिक वर्ष २०७३/७४ वाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना संचालनमा आएपनि जिल्लाका सवै स्थानिय तह र खाद्यान्न वालीहरु उत्पादन हुने सवै संभाब्य क्षेत्रहरुमा उक्त परियोजनाले समेटन सक्ने अवस्था छैन। वार्षिक रुपमा भारतवाट आयात हुने धान चामल लगायतका खाद्यवस्तुहरुको परिमाण वढदो क्रममा रहेको छ ।यसै सन्दर्भमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका सुपर जोन, जोन, ब्लक तथा पकेट विकास कार्यक्रमहरु तथा प्रदेश सरकार मातहतका निकायहरुवाट खाद्यान्न वाली व्यवसायिकरण सम्बन्धी अन्य कार्यक्रमहरु संचालन नभएका तर खाद्यान्न उत्पादनको उच्च संभावना भएका स्थानिय तहहरुमा खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व बृद्धिका लागि प्रदेश सरकारको नीति तथा कार्यक्रमको अन्तरनिहित भावान अनुरुप प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग (१) गरि प्रदेश सरकारबाट यो सघन वाली विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ तयार गरी लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "सघन वाली विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

सचिव प्रमुख सचिव

(१) "उन्नत जातको वीउ" भन्नाले वीउ विजन ऐन, २०४५ अनुसार प्रमाणिकरण पद्धति तथा यथार्थ संकेतपत्र पद्धति अनुरुप कायम वीउका स्तर (मूल, प्रमाणित, श्रोत, लेवल तथा उन्नत वीउ) लाई जनाउछ ।

(२) "खाद्यान्न वाली" भन्नाले यस कार्यविधिमा धान, मकै, गँहु लाई वुझ्नुपर्दछ ।

(३) "क्लस्टर" भन्नाले यो कार्यक्रम संचालनका लागि कृषि ज्ञान केन्द्रले छनौट गरेको खाद्यन्न वालीको कम्तीमा तराईमा ५० हेक्टर र पहाडमा ३० हेक्टरको क्षेत्रफललाई वुझ्नुपर्छ ।

(४) "समिति" भन्नाले सघन वाली विकास कार्यक्रम संचालन गर्न छनौट भएको क्लस्टर संचालन समिति भन्ने वुझ्नुपर्छ।

(५) "कस्टम हायरिंग सेन्टर" भन्नाले क्लस्टरमा यान्त्रीकरण प्रवर्द्धनका लागि सम्बन्धित सन्चालक समिति वा सघन वाली विकास कार्यक्रम संचालन क्लस्टर भित्र अन्य निकायले संचालन गर्ने सम्वन्धित वाली र वस्तुका लागि उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेट सहितको सेवा सम्झनु पर्दछ ।

## परिच्छेद - २

## कार्यक्रम संञ्चालन प्रकृया

३. उद्देश्य:

(१) खाद्यन्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(२) खाद्यन्न वालीको उत्पादकलाई आवश्यक प्रविधि र सहयोग उपलब्ध गराउने ।

४. क्लष्टर निर्धारण

(१) यो कार्यक्रम प्रदेश, स्थानीय तहमा भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा क्लस्टरमा संचालन गरिने छ।

(२) भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा बाली वस्तुको क्लस्टर निर्धारणका लागि कृषि ज्ञान केन्द्र प्रमुखको संयोजकत्वमा तपसिल वमोजिमको क्लप्टर निर्धारण समिति रहनेछ ।

(क) संयोजक – प्रमुख, कृषि ज्ञान केन्द्र

(ख) सदस्य – जिल्ला स्थित कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्वद्ध कार्यक्रम/आयोजना /कार्यालय/का प्रमुखहरु



सचिव

(ग) सदस्य – कृषि अर्थ विज्ञ, कृषि ज्ञान केन्द्र

(घ) सदस्य सचिव – बाली विकास अधिकृत कृषि ज्ञान केन्द्र

**नोटः उल्लेखित कुनै अधिकृत नभएको स्थानमा कृषि ज्ञान केन्द्रका प्रमुखले अन्य अधिकृत वा कर्मचारीलाई सो जिम्मेवारी तोक्न सक्ने छन ।**

(३) क्लष्टर निर्धारण तथा क्लष्टर छनौटका आधारहरुः

(४) कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको क्लस्टर निर्धारण समितिले भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा बाली वस्तुको क्लस्टर निर्धारण गर्दा तपसिल बमोजिमको आधारमा गर्नु पर्नेछ ।

(क) खाद्यान्न वालीको वीउ प्रतिस्थापन दर कम तर उत्पादनको पर्याप्त सम्भावना भएका क्षेत्रहरु।

(ख) व्यवसायिक उत्पादनको सम्भावना भएका स्थानिय क्षेत्रहरु।

(ग) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सम्बन्धित वालीको सुपरजोन, जोन, ब्लक र पकेट विकास कार्यक्रम, प्रदेश सरकार मातहतका निकायहरुवाट खाद्यान्न वाली व्यवसायिकरण सम्बन्धी अन्य कार्यक्रमहरु संचालन नभएका क्षेत्रहरु।

(घ) सडकको पहुँच भएको वा हुनसक्ने ।

(ङ) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने ।

(च) विद्युतको उपलब्धता भएको वा हुनसक्ने ।

(छ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

(ज) स्थानिय तहको लागत सहभागिता हुन सक्ने ।

(५) दफा ३ उपदफा (२) बमोजिमको क्लस्टर निर्धारण समितिले दफा ४ उपदफा (३) बमोजिमको आधारमा क्लस्टर निर्धारण भई सकेपछि कृषि ज्ञान केन्द्रले इच्छुक कृषक समुह, कानून बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिहरुलाई सूचीकरणका लागि १५ दिने सूचना प्रकाशन गर्नुपर्नेछ ।

५. क्लस्टर संचालक समिति गठन

(१) दफा ५ को उपदफा (२) बमोजिम तोकिएको समयसिमाभित्र सूचीकृत भएका कृषक समुह, कृषि उद्यमी/फर्म, सहकारी, जल उपभोक्ता समितिहरुवाट प्रतिनिधित्व रहने गरी सम्बन्धित बाली/वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएका कम्तिमा



सचिव

प्रमुख सचिव

३३ प्रतिशत महिला सहितको ९ सदस्यीय क्लस्टर संचालक समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानिय संचार माध्यम मार्फत आव्हान गरिनेछ ।

(२) तोकिएको अवधिमा समिति गठन भई नआएमा ज्ञान केन्द्रले सहजिकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ ।

(३) उक्त समितिमा संयोजक, उपसंयोजक, सचिव र सहसचिव एक-एक जना र बाँकी ५ जना सदस्य रहनेछन् । क्लस्टर संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा अनिवार्य रुपमा कम्तिमा १ जना महिला समावेश हुनु पर्नेछ । सम्बन्धित स्थानिय तहको कृषि शाखा प्रमुख समितिको पदेन सदस्यको रुपमा रहनेछ । कुनै क्लस्टर १ भन्दा बढी स्थानीय अन्तरगत रहन गएको अवस्थामा जुन स्थानीय तह अन्तरगत क्लस्टरको बढी क्षेत्रफल पर्न आउँछ सोही स्थानिय तहको कृषि शाखा प्रमुख समितिको पदेन सदस्यको रुपमा रहने छ । यो कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा निजको सहमती अनिवार्य रहनेछ । तोकिएको क्षेत्रफलको व्यवस्थापन गरि कृषि उद्यमी, फर्म एक्लैले संचालन गर्ने क्लस्टरको हकमा भने त्यस्तो कृषि उद्यमी स्वयंले नै क्लस्टर सन्चालक समितिको भूमिका निर्वाह गर्नेछ ।यस्तो अवस्थामा सम्वन्धित स्थानिय तहको कृषि शाखा प्रमुख उक्त सञ्चालक समितिको सल्लाहकारको रुपमा रहने छ । यो कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा निजको सहमती अनिवार्य रहनेछ ।

६. क्लस्टर संचालक समितिको काम, कर्तव्य र अधिकार

क्लष्टर संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(१) क्लस्टर कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सो को परिमाण आंकलन गर्ने, उत्पादन योजना तयार गर्ने, अन्य सामग्रीको श्रोत व्यवस्थापन गर्ने ।

(२) क्लस्टरमा निर्माण हुने पुर्वाधार विकास सम्वन्धी कार्यका लागि कृषि ज्ञान केन्द्रसंग आवश्यक समन्वय गर्ने ।

(३) क्लस्टर संचालनका लागि कृषि ज्ञान केन्द्र र अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्ने।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

(४) क्लस्टरलाई व्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्ने, संलग्न कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति लगायत संग निरन्तर संवाद र सहकार्य गर्ने।

(५) संचालक समितिको बैठक महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकतानुसार अन्य समयमा बस्न व्यवस्था गर्ने।

(६) क्लस्टर संचालन सम्बन्धि आन्तरिक आचारसंहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

(७) कार्यक्रम संचालनको लागि समितिले विनियममा उल्लेख गरी आवश्यक देखिएमा उपसमिति गठन गर्ने गराउने।

(८) क्लस्टर निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने क्लस्टरमा संचालन हुने सम्पूर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानुन वमोजिम व्यवस्थापन गर्ने तथा जिम्मेवारी वहन गर्ने ।

(९) क्लस्टरमा उत्पादित वस्तुको मूल्य निर्धारण, वजारिकरण, प्रशोधन लगायतका क्रियाकलापहरुको मापदण्ड निर्धारण गरी व्यवस्थित गर्ने ।

(१०) क्लस्टरमा आवश्यक अन्य व्यवस्थापकीय कार्यहरु गर्ने ।

७. समिति सम्बन्धि अन्य व्यवस्था

(१) कार्यक्रमको दिगोपनाको लागि समिति र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ। तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्षभन्दा बढी हुने छैन । प्रत्येक २ वर्षमा थप सूचीकृत भएका कृषक समुह, कृषि उद्यमी/फर्म, सहकारी, जल उपभोक्ता समितिहरुबाट समेत प्रतिनिधित्व हुने गरी समिति पुन: गठन गर्नु पर्नेछ । पुन: गठनको प्रक्रिया दफा ५ (१) तथा (२) बमोजिम हुनेछ ।

(२) समितिले आवश्यक विनियम तयार गरी सोही वमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारवाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन र एकै व्यक्ती लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन ।तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन ।

(३) समिति गठन भएको एक वर्ष भित्र उक्त समिति कृषि ज्ञान केन्द्रमा निर्धारित प्रकृया अनुरुप दर्ता हुनु पर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।



सचिव प्रमुख सचिव

## परिच्छेद ३

## संचालन गरिने कार्यक्रम/क्रियाकलाप

८. संचालन गरिने कार्यक्रम/क्रियाकलाप

(१) क्लस्टरस्तरमा परियोजना अभिमुखीकरण:

(क) सम्वन्धित कृषि ज्ञान केन्द्रले कृषक, कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति, नीजि सेवा प्रदायक, कृषि उपज वजार व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितीमा सघन वाली विकास आयोजना अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ ।

(२) प्रविधि तथा प्राविधिक सहयोग:

(क) सम्वन्धित कृषि ज्ञान केन्द्रले क्लस्टरमा सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ । प्रत्येक क्लस्टरमा सम्वन्धित वाली/वस्तुका कम्तिमा तराई तथा भित्री मधेशमा ०.५ हे र पहाड तथा हिमाली जिल्लामा ०.२५ हे मा व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन सञ्चालन गरिनेछ। यस्ता प्रविधि प्रर्दशनहरु संभाव्यता र आवश्यकताका आधारमा छनौट भएका क्लस्टरका प्रत्येक स्थानिय तहको उपयुक्त स्थानमा कम्तिमा १/१ वटा रहने गरी सञ्चालन गर्न सकिनेछ । साथै प्रत्येक क्लस्टरमा सम्वन्धित वाली/वस्तुको उत्पादन प्रविधि, वजारीकरण, मूल्य श्रृंखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) सम्वन्धित कृषि ज्ञान केन्द्रले प्रयोगशालाहरुको समन्वयमा क्लस्टर क्षेत्रमा एकिकृत माटो, वीउ र बाली संरक्षण सेवा उपलव्ध गराउन स्थलगत प्रयोगशाला सेवा संचालनमा ल्याउनेछ ।

(३) उत्पादन सामग्री सहयोग

(क) उत्पादन सामाग्री विशेषगरी रासायनिक तथा प्राङ्गारिक मलमा हाल प्रचलित प्रावधान अनुरुप नै क्लस्टर क्षेत्रका लागि आवश्यक परिमाण अनुदानमा उपलव्ध गराइनेछ।

(ख) यसका साथै उन्नत तथा हाईब्रिड विउ विजन, रसायनिक एवं जैविक विषादीहरु, कृषि चुन तथा सुक्ष्म तत्व लगायतका अन्य उत्पादन सामग्रीहरुमा अनुदान



सचिव प्रमुख सचिव

सहयोग उपलव्ध गराइनेछ। यसरी वितरण गरिने उत्पादन सामाग्रीहरुमा बढीमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ ।

(४) कृषि यान्त्रीकरणका लागि Custom Hiring Center स्थापना

(क) सम्वन्धित क्लस्टरमा यान्त्रीकरण प्रवर्द्धनका लागि बाली/वस्तुका लागि उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेट खरिदमा बढीमा ५० प्रतिशत पूंजीगत अनुदान उपलव्ध गराइनेछ ।

(ख) सम्वन्धित क्लस्टरका लागि आवश्यक मेशिनरी औजार उपकरणको सेटको विवरण र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि विकास निर्देशनालयको सहयोगमा सम्वन्धित कृषि ज्ञान केन्द्रले गर्नेछ ।

(ग) केन्द्र स्थापनाका लागि सम्वन्धित सन्चालक समिति वा सम्वन्धित कृषि उद्यमीले आवश्यक घर तथा जग्गा उपलव्ध गराउनु पर्नेछ । जग्गा सम्बन्धित संचालक समितिको आफ्नै स्वामित्वमा नभएमा कम्तिमा १० बर्ष अवधिका लागी भाडामा लिएको हुनुपर्नेछ। जग्गा उपलव्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ ।

(घ) सम्वन्धित संचालक समितिले उक्त मेशिनरी औजार उपकरणको सेट खरिद गरि Custom Hiring Center संचालन गर्न चाहेमा सोही समिति मार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा नीजि सेवा प्रदायकलाई सम्वन्धित क्लस्टरलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलव्ध गराउने शर्तमा यस कार्यका लागि अनुदान उपलव्ध गराउन सकिनेछ ।

(ङ) Custom Hiring Center संचालन गरे वापतको पूंजीगत अनुदान सम्वन्धित क्लस्टर संचालक समिति वा सो सेवा संचालन गर्ने कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति वा नीजि सेवा प्रदायकको बैंक खातामा प्रचलित आर्थिक ऐन नियम वमोजिम उपलव्ध गराइनेछ ।तर यस प्रयोजनका लागि अन्य निकायवाट अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।



सचिव

प्रमुख सचिव

(च) Custom Hiring Center स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्वन्धित कृषि ज्ञानकेन्द्र विच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

(छ) स्थापना हुने Custom Hiring Center हरुले सम्बन्धित क्लस्टरमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

(५) साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग

(क) साना सिंचाइ निर्माण तथा मर्मत सुधार सम्वन्धित क्लस्टर संचालक समितिले निर्णय गरे बमोजिमका स्थानमा सम्वन्धित क्लस्टर संचालक समिति वा समितिले तोकेको समूह/सहकारी र सम्बन्धित कृषि ज्ञानकेन्द्र विच सम्झौता गरी कार्यान्वयन गरिनेछ । यस्ता पूर्वाधारहरु निर्माणमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(६) स्थानीय श्रोत व्यक्ती परिचालन

(क) सामाजिक परिचालन मार्फत आयोजनाको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गर्नका साथै क्लस्टर संचालक समिति र कृषि ज्ञान केन्द्रविच समन्वय कायम गर्न प्रति क्लस्टर एकजना श्रोत व्यक्ति नियुक्त गरी परिचालन गर्न सकिने छ ।

(ख) यसको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रले नियमानुसार आवेदन माग गरी सम्झौतामा उल्लेख गरीए वमोजिमका कार्यहरु संचालन गर्नको लागि स्वीकृत वार्षिक वजेटको अधिनमा रही सेवा सुविधा प्रदान गर्ने गरी स्थानीय श्रोत व्यक्ती परिचालन गर्न सक्नेछ । स्थानीय श्रोत व्यक्तिको पारिश्रामिक मासिक रु. १५,०००।०० हुनेछ ।

(ग) स्थानीय श्रोत व्यक्तीको लागि आवेदन दिने उमेद्धवारहरुले देहायका मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

१. १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक ।

२. क्लस्टर क्षेत्र अन्तरगत रहेका गा.पा./न.पा. भित्र उपलब्ध भएसम्म स्थाई बसोबास भएकोलाई प्राथमिकता दिइने

३. अन्य कुनै संघ संस्थामा रोजगार नभएको र भएमा उक्त रोजगारी परित्याग गर्न तयार भएको ।

४. कृषि विषयमा जे.टि.ए. उतिर्ण वा ग्रामिण कृषि कार्यकर्ता तालिम प्राप्त गरेकालाई विशेष प्राथमिकता दिइने



सचिव

प्रमुख सचिव

५. दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम, पिछडिएको वर्ग र विवाहित महिलालाई प्राथमिकता दिईने ।

६. स्थानीय श्रोत व्यक्तिको रुपमा काम गर्न ईच्छुक

७. स्थानीय स्तरमा बोलिने भाषा बोल्न र लेख्न सक्नेलाई प्राथमिकता दिइने

८. स्थानीय श्रोत व्यक्तिको रुपमा कार्य गरेका अनुभवीलाई प्राथमिकता दिईने

(घ) स्थानीय श्रोत व्यक्तिको कार्य विवरण देहाय वमोजिमको हुनेछ -

१. सम्बन्धित क्लस्टरमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सहजिकरण गर्ने ।

२. कार्यक्षेत्रमा रही कृषि सम्बन्धी तथ्यांकहरु कम्पाइल गर्न सहजिकरण गर्ने ।

३. कृषकहरुका आवश्यकता/समस्याहरु संकलन गरी समाधान गर्न सहजिकरण गर्ने।

४. सम्बन्धित कृषि ज्ञान केन्द्रको मातहतमा रही अन्य तोकिएका कार्यहरु गर्ने ।

९. अन्य कार्यक्रमहरु संचालन र सहजिकरण

(१) यस खण्डको माथि उल्लेखित दफाहरुमा उल्लेख भएका कार्यक्रमहरुका अलावा दस्तावेजको मर्म अनुरुपका र सम्बन्धित क्लस्टर संचालक समितिको माग वमोजिमका, अन्य चालु तथा पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु समेत आवश्यकता अनुसार संचालन गर्न सकिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिने छ । उक्त कार्यक्रमहरु संचालनको लागि प्रदेश सरकारको तर्फवाट देहाय वमोजिमको अनुदान सहयोग उपलब्ध हुनेछ ।

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (वीउ, कृषि चून लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| | | |

(२) सघन वाली विकास कार्यक्रममा स्वेच्छिक रुपमा जमिनको एकिकरण गर्ने अवधारणा अवलम्बन गरिएको सन्दर्भमा वार्षिक वजेट तथा कार्यक्रममा उल्लेख गरी जमिनको एकिकरणको लागि उत्प्रेरित गर्न अनुदानको व्यवस्था गरिनेछ ।



सचिव

प्रमुख सचिव

## परिच्छेद ४
## कार्यक्रम बजेट तथा भुक्तानी

१०. कार्यक्रम तथा बजेट व्यवस्था

(१) यो कार्यक्रम संचालनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले साल बसाली रुपमा कृषि ज्ञान केन्द्रमा बजेटको व्यवस्था गर्नेछ ।

(२) उपलब्ध बजेटका आधारमा यस कार्यविधिको दफा ८ उपदफा (६) खण्ड (ख) बमोजिमको स्थानीय श्रोत व्यक्तिको रकम घटाई बाँकी रकमको २ प्रतिशत रकम कन्टिजेन्सीको रुपमा राखिनेछ । उक्त रकम प्राविधिकको दैनिक भ्रमण भत्ता र क्लस्टर निर्धारण समितिको बैठक भत्ता र अन्य ब्यवस्थापकिय कार्यमा प्रयोग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको रकम व्यवस्थापन भएपछि सघन वाली विकास क्लष्टरमा प्रति क्लष्टरमा प्रथम वर्ष न्यूनतम २० लाख देखि अधिकतम ३० लाख रुपैया सम्म खर्च गर्न सक्नेछ । यसको निर्णय दफा ४ उपदफा (२) बमोजिमको समितिले गर्नेछ ।

(४) उपदफा (३) वमोजिजमको बजेट सिमामा रहेर यस कार्यविधिको दफा ५ वमोजिमको समितिले स्थानीय श्रोत व्यक्तिको सहयोगमा परिच्छेद ३ मा उल्लेखित क्रियाकलापमा रही वार्षिक क्रियाकलाप तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतीका लागि कृषि ज्ञान केन्द्र प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(५) स्वीकृत कार्यक्रमका क्रियाकलाप सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदनका आधारमा दफा ५ बमोजिमको समितिको सिफारीशमा कृषि ज्ञान केन्द्रवाट सो रकम भुक्तानी हुनेछ ।

(६) यो कार्यक्रम एक क्लस्टरमा तीन वर्षसम्म मात्र संचालन गरिनेछ । दोश्रो र तेस्रो वर्षमा कार्यक्रम संचालनको अवस्थालाई मध्यनजर गरी प्रति क्लस्टर अधिकतम १२ लाख देखी १८ लाख सम्म रकमको व्यवस्था गरिनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

## परिच्छेद ४
## अनुगमन तथा विविध

११. अनुगमन तथा मूल्यांकनः

(१) जिल्लाभित्र रहेका क्लस्टरहरुमा संचालित कार्यक्रमको अनुगमन सम्वन्धित कृषि ज्ञानकेन्द्र तथा जिल्ला समन्वय समितिले गर्नेछ ।

(२) मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको फर्मेट वमोजिमको क्लस्टरहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण सम्वन्धित कृषि ज्ञान केन्द्रले कृषि विकास निर्देशनालय समक्ष पेश गर्नेछ । यसको जानकारी कृषि निर्देशनालयले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

१२. कार्वाही : यस कार्यविधी अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाव नबुझाउने अनुदानग्राहीलाई प्रचलित कानून वमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

१३. आर्थिक प्रशासन सेवाः कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१४. प्रचलित कानून लागु हुनेः कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै वमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

१५. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्रालयले आवश्यक , निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा वाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रमुख सचिव

सचिव